# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, असार ६ गते २०४८ साल (पूर्वातिरिक्ताङ्क १५ (घ)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी संसदको प्रथम अधिवेशनको विशेष अवसरमा स्मारिकाको रूपमा "संसद अधिवेशन २०४८" अंकित निम्न डिजाइन, नाप तौलको असर्फी र सिक्काहरू टकमरी गरी निस्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिइएकोले यो सूचना प्रकाशित गरिएको छ।

असर्फीतर्फ:

अग्र भागमा – वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४८ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ।

पृष्ठ भागमा – वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा नेपालीमा संसद अधिवेशन २०४८ र अंग्रेजीमा PARLIAMENT SESSION- 1991 यसको मुनी बायाँ नेपालीमा असर्फी, बीचमा नेपालको झण्डा र दायाँ अंग्रेजीमा ASARFI बीचमा प्रतिनिधि सभाको दृश्य र तल बायाँ नेपालीमा नेपाल र दायाँ अंग्रेजीमा NEPAL रहनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

तौल – ५ ग्राम ± ३० मि. ग्राम
व्यास – २३.५ मि. मि.
धातु – शुद्ध सुन
सिरेशन – धर्सो भएको
थान – ५,०००।– (पाँच हजार)

चाँदीतर्फ (रू. ३००।–):

अग्र भागमा – वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्‌म र तल्लो भागमा २०४८ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ।

पृष्ठ भागमा – वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा नेपालीमा संसद अधिवेशन २०४८ र अंग्रेजीमा PARLIAMENT SESSION- 1991 यसको मुनी बायाँ नेपालीमा रू. ३००।–, बीचमा नेपालको झण्डा र दायाँ अंग्रेजीमा Rs. 300।– बीचमा प्रतिनिधि सभाको दृश्य र तल बायाँ नेपालीमा नेपाल र दायाँ अंग्रेजीमा NEPAL रहनेछ।

तौल – १८ ग्राम ± ३०० मि. ग्राम।
व्यास – ३६ मि. मि.
धातु – ९२.५% चाँदी, ७.५% तामा ± १%
सिरेशन – धर्सो भएको
थान – १०,०००।– (दश हजार)

सिक्कातर्फ (रू. ५।–):

अग्र भागमा – वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्‌म र तल्लो भागमा २०४८ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ।

पृष्ठ भागमा – वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा नेपालीमा संसद अधिवेशन २०४८ र अंग्रेजीमा PARLIAMENT SESSION- 1991 यसको मुनी बायाँ नेपालीमा रू. ५।–, बीचमा नेपालको झण्डा



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

225

र दायाँ अंग्रेजीमा Rs. 5।– बीचमा प्रतिनिधि सभाको दृश्य र तल बायाँ नेपालीमा नेपाल र दायाँ अंग्रेजीमा NEPAL रहनेछ।

तौल – ८.५ ग्राम

व्यास – २९ मि. मि.

धातु – ७५% तामा २५% निकल

सिरेशन – साधा

थान – १,००,०००।– (एक लाख)

आज्ञाले,

शशिनारायण शाह

श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

225

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।